नेपाली राजदूतावास
साउदी अरेबिया
**Embassy of Nepal**
Kingdom of Saudi Arabia

سفارة نيبال
المملكة العربية السعودية

# प्रेस विज्ञप्ति

वैदेशिक रोजगारीको लागि निजि प्रयासमा साउदी अरब लगायत अन्य खाडी मुलुकहरुमा आएका नेपाली महिला घरेलु कामदार मध्ये विभिन्न कारणले समस्यामा परी यस राजदूतावासमा हाल २५ जना महिलाहरुले शरण लिइरहेका छन् ।ती मध्ये १५ जनालाई उद्धार गरी आज मिति २०६६ असार २८ अपरान्ह ३.०० बजे Gulf Air को विमानबाट काठमाण्डौ फर्काई सकिएको छ।

फर्किन लागेका सबै महिलाहरु साउदी अरबका विभिन्न शहरमा घरेलु कामदारको रुपमा काम गर्न आएका हुन् । यी महिलाहरु साउदी साहुको शारिरीक तथा मानसिक यातना, खान नदिने, तलब नदिने, यौन शोषण गर्न खोज्ने जस्ता समस्याहरुबाट पिडीत भई उद्धारका लागि राजदूतावासको शरणमा आएका हुन् ।

यसरी आएका घरेलु कामदारहरु कोही रगताम्य भएका वा यौनशोषणमा परेका वा unwanted pregnancy को अवस्थामा समेत भएको पाइएका छन् । यिनीहरुको जति सक्दो चाँडो घर फिर्ती व्यवस्था गर्नु नै राजदूतावासको प्रमुख दायित्व ठानी राजदूतावासले आवश्यक प्रकिया पुर्याइ travel document जारी गरी exit visa को व्यवस्था मिलाई आजै नेपाल पठाउन लागेको हो । घर फिर्तीको लागि आवश्यक पर्ने हवाई टिकटको व्यवस्था भने निज घरेलु कामदारहरुका साउदी अरब लगायत खाडी मुलुकमा रहेका आफन्तहरु वा नेपालका परिवारका सदस्यहरुले उपलब्ध गराएका थिए । कतै कही आफन्तहरु नभएकाहरुको हकमा तीन जनाको लागि राजदूतावासले हवाई टिकटको व्यवस्था गरी अन्यका लागि सम्बन्धित निकायमा अनुनय विनय गरी नेपाल फर्कने व्यवस्था मिलाइएको हो।

साउदी अरबमा आएका नेपाली घरेलु कामदारको बारेमा सबैले जानकारी लिनुपर्ने महत्वपूर्ण कुरा के छ भने यी सबै महिला कामदारहरु आफ्नो घर गाँउको नाताको/चिनेजानेको/दलालको सहयोगमा राहदानी बनाई भारतको बाटो हुँदै बम्बइ पुग्छन् र त्यहाँका manpower agents ले भिषा उपलब्ध गराए पछि साउदी अरब लगायत खाडी मुलुकमा आउँछन् ।केही अरुको राहदानी प्रयोग गरी आउने गरेका छन् । धेरैले परिवारको सहमति नै नलिई हिडेका हुन्छन् । कसैले नगद २०-३० हजार रुपैया आफूलाई पठाइदिने व्यक्ति वा दलाललाई बुझाएका हुन्छन् त कसैले नेपाल फर्किए पछि दिने बाचा गरेका हुन्छन् । बम्बईको भारतीय एजेन्टले visa उपलब्ध गराएपछि धेरै जसो सा.रि. ४०० मासिक तलबमा सहमति जनाई साहुको घरमा काम गर्न पुग्छन् भने कोही रियाद, दमाम, जेद्दा जस्ता शहरका महिला कामदार आपूर्ति केन्द्रमा आइपुग्छन् । त्यहाँबाट साउदी साहुले उमेर, जिउडाल, रुप, अरबी/अंग्रजी भाषाको ज्ञान भएको/नभएको आधारमा १२,००० दखि १६,००० साउदी रियालमा खरिद गरी लान्छन् । ती खरिद गरिएका घरेलु कामदारको काममा चित्त नबुझेमा साहुले आफ्नो रकम फिर्ता पाउन ती कामदारहरुलाई उक्त आपूर्ति केन्द्रमा केही समयका लागि छोडि दिन्छन् । त्यस अवधिमा अर्को साहुले ती कामदारलाई खरिद गरी लगेमा पहिलेको साहुको रकम फिर्ता हुन्छ । यस क्रममा कुनै महिला कामदारहरुले ७-८ साहुहरुको खरिद-बिक्रीको साधन बनी सकेको सत्य तथ्य पनि व्यक्त गरेका छन् ।आपूर्ती केन्द्रबाट पुन: बिक्रि हुन नसकेका वा बिरामी भई काम गर्न नसक्ने कामदारहरुलाई सम्बन्धित साहु र आपूर्ती केन्द्रले राजदूतावासको गेटमा लगि छोडि दिने गरेका छन् ।

यसरी खरिद गरेका घरेलु कामदारहरुले २-३ वर्ष सेवा गरि सकेपछि घर फर्कन इच्छा जाहेर गर्दा वा बिरामी परी उपचार गर्न नेपाल जान खोज्दा "मेरो खर्च भएको रकम फिर्ता लेउ अन्यथा तिमिले अझै ५ वर्ष काम गर्नुपर्छ, नभए police कहाँ बुझाई दिन्छु" भनी धम्काउने गरेका छन् । कसैलाई पैसा सुन चोरेको आरोपमा वर्षौंसम्म काम गर्न बाध्य बनाउन कोशिष गर्छन् । यस्तो अवस्थाबाट पार पाउन रियाद शहरमा रहेका महिला कामदारहरु ज्यान जोखिममा पारेर हिड्दै, दौड्दै वा टयाक्सीमा चढेर राजदूतावास आईपुग्छन् । यसरी आउनेहरु टयाक्सी चालकको कुरताको शिकार बन्ने गरेका, उ लगायत अरु २-३ जना उसका साथीहरुबाट यौन तृष्णा मेटाइसके पछि मात्र राजदूतावासमा दयनीय अवस्थामा आई पुग्ने गरेका छन् ।

रियाद शहर बाहेकका अन्य शहरमा आई काम गर्ने महिला कामदारहरुको सम्बन्धमा यस राजदूतावासलाई कुनै जानकारी प्राप्त हुने गरेको छैन । जेद्दा र दमाम शहरमा यस राजदूतावासको (अवैतनिक) प्रतिनिधिले महिनामा १-२ महिलाहरुलाई नेपाल पठाउन आवश्यक सहयोग उपलब्ध गराउँदै आएका छन् । घरेलु कामदारको रुपमा नेपालबाट विदेशिएका महिलाहरुको अभिलेख राख्ने व्यवस्था कतै कहीं पनि नभएकोले को-को महिलाहरु कुन-कुन देशमा, को-को sponsor कहाँ कार्यरत छन् । सो सम्बन्धी विवरणको अभावमा साहुको घरमा धेरै महिलाहरुले अति नै सास्ती भोग्नु परिरहेको, कतिले अनाहकमै ज्यान गुमाइरहेको, केहीको हत्या/आत्महत्या भइरहेको अवस्था छ । यस समस्याको समाधानार्थ अल्पकालिन र दिर्घकालिन योजना बनाई तुरुन्त लागू नगरिएमा खुला सिमानाको फाइदा उठाई वैदेशिक रोजगारीको नाउँमा नेपाली चेलीबेटीहरुको ओसार पसार र बेचविखन कार्य चरमोत्कर्षमा पुगी भयावह रुप लिने अवस्यंभावी छ । यसरी समस्यामा परी राजदूतावासमा शरण लिन आउने महिला कामदारको संख्या दिन प्रति दिन बढ्दो पाइएको छ । यसरी समस्यामा परी हरेक दिन राजदूतावासको शरणमा आएका चेलीबेटीहरुको अद्यावधिक विवरण यस राजदूतावासको वेबसाइट www.neksa.org मा हेर्न सकिने व्यवस्था मिलाइएको छ ।

अत: यस समस्या समाधानार्थ सम्बन्धित सरोकारवालाहरु, सरकारी तथा गैर सरकारी संघ संस्था एवं व्यक्ति सबैलाई आ-आफ्नो तर्फबाट तुरुन्तै कार्य गर्न गराउन यो राजदूतावास हार्दिक अपिल गर्दछ । यसरी समस्यामा परी राजदूतावासमा शरण लिन आएकाहरुलाई यस राजदूतावासबाट हरेक हप्ता कम्तिमा ५ जना महिलाहरुलाई उद्धार गरी नेपाल पठाइने गरिएको छ । यस पटक राजदूतावासले उद्धार गरी नेपाल फर्कन लागेका १५ जना महिलाहरुको फोटो सहितको विवरण निम्नानुसार छ । निकट भविष्यमै १० जनालाई नेपाल पठाइने व्यवस्था भैरहेको व्यहोरा समेत जानकारी गराईन्छ ।



Bishnu Kharel | Laxmi Rana | Janit Pakrin | Dilmaya Acharya | Gauri Ghising
Ram Lachhi Rai | Pushpa Limbu | Maya Ale Magar | Mandara Raut | Maiya Tamang
Sita Lamichhane | Sabita Poudel | Sita Pun | Ratanidevi Chaudhary | Sahida Khatun

नेपाली राजदूतावास, रियाद
२८ आषाढ २०६६

ص.ب ٩٤٣٨٤ الرياض ١١٦٩٣ - المملكة العربية السعودية - تلفون : ٤٦١١١٠٨ - ٤٦٤٥١٧٠ فاكس: ٤٦٤٠٦٩٠ - ٤٦٥١٨٢٣ (١) ٩٦٦+
P.O. Box 94384 Riyadh 11693 - Saudi Arabia - Tel.: 4611108 - 4645170 - Fax: +966-1-4640690 - 4651823